नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, पुस २२ गते २०४८ साल (संख्या ३८

भाग ३

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमहरूको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकृत" भन्नाले ऐनको दफा २० बमोजिम नियुक्त भएको अनुसन्धान अधिकृत सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

परिच्छेद–२

आयोगको बैठक र प्रशासन सम्बन्धी काम

३. आयोगले गर्ने कामको कार्यविधि : (१) आयोगले गर्ने काम आयोगका प्रमुख आयुक्त मात्र भएकोमा प्रमुख आयुक्तले गर्नेछ र अन्य आयुक्त वा आयुक्तहरू पनि रहेकोमा प्रमुख आयुक्त र अरू आयुक्त समेत उपस्थित भएको बैठकबाट निर्णय भएबमोजिम गरिनेछ ।

(२) आयोगको बैठकको अध्यक्षता प्रमुख आयुक्तले गर्नेछ । बैठकमा बहुमतको निर्णयलाई आयोगको निर्णय मानिने छ । कुनै निर्णयको पक्षमा बहुमत कायम हुन नसकेमा प्रमुख आयुक्तको निर्णयलाई आयोगको निर्णय मानिनेछ ।

(३) प्रमुख आयुक्त उपस्थित नभएको समयमा आयुक्तहरूमध्ये वरिष्ठ आयुक्तले आयोगको बैठकको अध्यक्षता गर्नेछ र त्यस्तोमा प्रमुख आयुक्तलाई भएको अधिकार निजले प्रयोग गर्न सक्नेछ ।

(४) प्रमुख आयुक्तको निर्देशानुसार आयोगको सचिवले आयोगको बैठक बस्ने दिन, समय र बैठकमा पेश हुने विषय सहितको सूचना आयुक्तहरूलाई दिनेछ ।

(५) बैठकको निर्णय सचिवले लेखी बैठकमा उपस्थित प्रमुख आयुक्त र आयुक्तहरूको दस्तखत गराइ राख्नेछ ।

४. सचिवको काम : (१) प्रमुख आयुक्तको सामान्य निर्देशन र नियन्त्रणमा रही सचिवले आयोगको प्रशासकीय कामको अतिरिक्त देहायका कामहरू पनि गर्नेछः–

(क) आयोगमा आएका उजुरी, स्पष्टीकरण र प्रतिवेदन दर्ता गर्ने गराउने,

(ख) आयोगको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) आफू मातहतका कर्मचारीहरूलाई कामको बाँडफाँड गर्ने,

(घ) आयोगको लागि आवश्यक बजेट तयार गर्ने र आयोगको आर्थिक प्रशासन हेर्ने,

(ङ) आयोगमा पेश गर्नु पर्ने कुराहरू पेश गर्ने गराउने,

(च) आयोगको निर्णयहरू कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य कामहरू गर्ने ।

(२) उपनियम (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार सचिवले आयोगको अधिकृतस्तरका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–३
उजुरी निवेदन

५. उजुरी दिन सकिने : (१) अख्तियार दुरुपयोग सम्बन्धी कुनै उजुरी दिन चाहने व्यक्तिले त्यस्तो उजुरी आयोगमा आफैं उपस्थित भई दिन वा हुलाकद्वारा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी दिंदा अनुचित कार्य सम्बन्धी उजुरी भएमा अनुसूची १ बमोजिमको ढाँचामा र भ्रष्टाचार सम्बन्धी उजुरी भएमा देहायका कुरा खुलाइ उजुरी दिनु पर्नेछः–

(क) भ्रष्टाचार गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, दर्जा र कार्यालय,

(ख) भ्रष्टाचार गरेको कामको पूरा विवरण,

(ग) भ्रष्टाचार गरेको मिति र उजुरवालाले थाहा पाएको मिति,

(घ) उजुरीको व्यहोरालाई पुष्टयाइँ गर्ने प्रमाणहरूको विवरण,

(ङ) आफ्नो नाम गोप्य राख्न चाहेमा त्यसको कारण ।

६. उजुरी दर्ता : (१) आयोगमा दर्ता गर्न ल्याइएको अख्तियार दुरुपयोग सम्बन्धी उजुरी जाँच गर्दा रीतपूर्वकको देखिएमा दर्ता गरिनेछ ।

(२) हुलाकद्वारा पठाइएको उजुरी अनुचित कार्य सम्बन्धी भएमा नियम १९ बमोजिम सनाखत नभएसम्म त्यसलाई अस्थायी रूपमा दर्ता गरी राखिनेछ र भ्रष्टाचार सम्बन्धी भएमा त्यस्तो उजुरीलाई दर्ता गरी त्यस्तो अपराध गरेको विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले ऐनको दफा १४ बमोजिम प्रारम्भिक छानविन गराउन सक्नेछ ।

७. प्रमाणको कागज पेश गर्नु पर्ने : (१) अख्तियार दुरुपयोग सम्बन्धी उजुरी दिंदा आफूसित भएको प्रमाणको लिखतको सक्कल र नक्कल समेत सक्कल साथै पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको प्रमाणको लिखतको नक्कल रूजु गरी नक्कल दुरूस्त भए उजुरी साथ राखी सक्कल लिखत उजुरवालालाई फिर्ता दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, त्यस्तो सक्कल लिखत नै उजुरीसाथ राख्नु पर्ने आवश्यक भएमा सो लिखत पेश गर्ने व्यक्तिलाई त्यसको भरपाई दिई त्यस्तो लिखत उजुरी साथ राख्न सकिने छ ।

८. उजुरी तामेलीमा राख्न सकिने : आयोग समक्ष पेश हुन आएका देहायबमोजिमका उजुरीमा आयोगले कुनै कारबाई नगरी तामेलीमा राख्ने आदेश दिन सक्नेछः–

(क) अनुचित कार्य सम्बन्धी उजुरी यस नियमावली बमोजिम तोकिएको ढाँचामा नभएमा,

(ख) सनाखत हुन नसकेको वा सनाखत गराउन सकिने अवस्था नभएको अनुचित कार्य सम्बन्धी उजुरी,

(ग) सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी दिएको अनुचित काय सम्बन्धी उजुरी,

(घ) ऐन बमोजिम उजुरी दिन पाउने व्यक्ति बाहेक अन्य व्यक्तिले दिएको,

(ङ) ऐनको हदम्याद नाघेको,

(च) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको विषय नभएको,

(छ) अदालतमा मुद्दा परिरहेको विषय भएमा,

(ज) तथ्ययुक्त आधार नभएको,

(झ) खिचोला वा टण्टा दिने मनसायको उजुरी भएमा,

(ञ) मामुली कुरा सम्बन्धी उजुरी भएमा।

परिच्छेद–४

अनुसन्धान तहकिकात सम्बन्धी कार्यविधि

९. अनुसन्धान तहकिकात : (१) आयोगमा प्राप्त हुन आएको अख्तियार दुरुपयोगको उजुरीको सम्बन्धमा प्रारम्भिक छानविन वा अनुसन्धान तहकिकात गर्नु पर्ने देखिएमा आयोगले अनुसन्धान अधिकृतद्वारा छानविन वा तहकिकात गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रारम्भिक छानविन वा अनुसन्धान तहकिकात गराउँदा आयोगले उजुरीको गाम्भिर्यतालाई हेरी त्यस्तो कार्य सम्पन्न गर्नु पर्ने म्याद र त्यस्तो काम गर्दा पालन गर्नु पर्ने शर्तहरू समेत तोकिदिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260

(३) अनुसन्धान अधिकृतले प्रारम्भिक छानविन वा अनुसन्धान तहकिकात गर्दा उपनियम (२) बमोजिम आयोगले तोकिदिएको समयावधि तथा शर्तहरूको अधीनमा रही गर्नुपर्ने छ ।

(४) उपनियम (२) बमोजिम आयोगले तोकिदिएको म्यादमा प्रारम्भिक छानविन वा अनुसन्धान तहकिकातको काम सम्पन्न गर्न नसकेमा अनुसन्धान अधिकृतले त्यसको कारण खोली आयोग समक्ष थप म्याद वा निर्देशनको निमित्त अनुरोध गर्न सक्नेछ । कारण मुनासिब देखिए आयोगले आवश्यक निर्देशन सहित म्याद थप गरिदिन सक्नेछ ।

१०. स्पष्टीकरण लिन पठाइने सूचना : ऐनको दफा ११ बमोजिम अनुचित कार्य गरेको सम्बन्धमा वा ऐनको दफा १५ बमोजिम भ्रष्टाचार गरेको सम्बन्धमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिको स्पष्टीकरण माग गर्दा वा सोधपुछ गर्न वा बयान लिन झिकाउँदा अनुसूची–२ बमोजिमको ढाँचाको सूचना पठाउनु पर्नेछ ।

११. तारिखमा राखेर बयान गराउन सकिने : भ्रष्टाचारको आरोप लागेको व्यक्तिको बयान गराउने काम एकै दिनमा पूरा हुन नसकेमा अर्को दिन पनि अनुसन्धान अधिकृतले निजको बयान लिन सक्नेछ ।

१२. अन्यत्र मुकाम कायम गर्न सक्ने : अनुसन्धान अधिकृतले प्रारम्भिक छानविन वा अनुसन्धान तहकिकातको क्रममा आयोगको कार्यालयको अतिरिक्त अरू जुनसुकै स्थानमा आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

१३. प्रतिवेदन पेश गर्नु पर्ने : (१) अनुसन्धान अधिकृतले प्रारम्भिक छानविन वा अनुसन्धान तहकिकातको काम पूरा गरेपछि प्राप्त भएको सबुद प्रमाण र त्यसबाट देखिएको यथार्थ व्यहोरा खुलाइ आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको प्रतिवेदनबाट अरू कुनै कुरा बुझ्न बाँकी रहेको देखिएमा सो बुझेर पठाउन आयोगले अनुसन्धान अधिकृतलाई अह्राउन सक्नेछ ।

१४. पुनः अनुसन्धान तहकिकात गराउने : (१) अनुसन्धान अधिकृतलाई सुम्पिएको अनुसन्धान तहकिकातको काम निजले सम्पन्न गर्न नसक्ने भएमा वा नियम १३ बमोजिम अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन सन्तोषजनक नभएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

269

आयोगले अर्को अनुसन्धान अधिकृतद्वारा पुनः अनुसन्धान तहकिकातको काम गराउन वा सो सित सम्बन्धी बाँकी काम मात्र गराउन पनि सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनः अनुसन्धान तहकिकात गर्ने अनुसन्धान अधिकृतले पनि नियम १३ बमोजिम प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१५. अनुचित कार्यको सम्बन्धमा परेको उजुरीबाट भ्रष्टाचारको कारबाई चलाउन सकिने : अनुचित कार्यको सम्बन्धमा परेको उजुरीको अनुसन्धान तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा ऐनको दफा १८ बमोजिम आयोगले मुद्दा चलाउने आदेश दिन सक्नेछ ।

१६. कारबाईको लागि लेखी पठाउन वा मुद्दा दायर गर्न सकिने : (१) नियम १३ बमोजिम पेश भएको प्रतिवेदनबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको हो भन्ने विश्वास गर्नु पर्ने कारण भएमा आयोगले ऐनको दफा १२ बमोजिम सचेत गराउन, विभागीय कारबाई वा अन्य कारबाई गर्न लेखी पठाउने वा भ्रष्टाचार गरेको देखिएमा ऐनको दफा १८ अनुसार मुद्दा चलाउने आदेश दिन सक्नेछ । अख्तियार दुरुपयोग सम्बन्धी कसूर गरेको नदेखिएमा आयोगले त्यस कारबाईलाई तामेलीमा राख्ने आदेश दिनेछ ।

(२) उपनियम (१) बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिको विरूद्ध भ्रष्टाचारको मुद्दा दायर गर्न आदेश प्राप्त गर्ने अधिकृत वा कार्यालयले सम्बन्धित पुनरावेदन अदालतमा अनुसूची ३ बमोजिमको ढाँचामा उजुरी प्रतिवेदन तयार गरी मुद्दा दायर गर्नु पर्नेछ ।

परिच्छेद–५
नक्कल सम्बन्धी व्यवस्था

१७. नक्कल लिन निवेदन दिनु पर्ने : (१) साधारणतया अदालतमा पेश भई नसकेका कुनै पनि कागजको नक्कल दिइने छैन । अदालतमा मुद्दा दायर गर्दा पेश गरिएको मिसिल साथ रहेको कुनै कागज तथा मुद्दामा प्रमाण स्वरूप संलग्न गरिएका अन्य कागजको सरोकारवाला व्यक्तिले नक्कल लिन चाहेमा अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नक्कल लिन चाहने व्यक्तिलाई पुनरावेदन अदालतमा नक्कल दिंदा लाग्ने सरहको दस्तूर लिई कागजको नक्कल दिइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सरकारी कार्यालयले माग गरेको नक्कलको निमित्त कुनै दस्तूर नलिई उपलब्ध गराइने छ ।

१८. नक्कल दिंदाको कार्यविधि : (१) नक्कल दिंदा सक्कलसँग त्यसलाई रूजु गरी सक्कल बमोजिम नक्कल ठीक छ भनी रूजु गर्ने कर्मचारीले प्रमाणित गरेपछि सम्बन्धित अधिकृत समक्ष फलानो व्यक्तिले यति दस्तूर तिरी फलानो मितिमा नक्कल बुझी लगेको भन्ने व्यहोरा जनाइ नक्कल बुझ्ने व्यक्तिको सहीछाप गराई नक्कल दिई पठाउनु पर्छ ।

(२) जरूरीसाथ नक्कल माग गरेकोमा प्राथमिकता दिई यथाशीघ्र र अरू साधारण निवेदनको हकमा सो दर्ता भएको सामान्यतः तीन दिनभित्र नक्कल दिइने छ ।

परिच्छेद–६
विविध

१९. हुलाक वा अन्य प्रकारबाट पठाइएको उजुरीको सम्बन्धमा सनाखत गराउनु पर्ने : अनुचित कार्यको सम्बन्धमा कसैले हुलाकबाट वा अरू कुनै प्रकारले आयोग समक्ष उजुरी पठाएमा त्यस्तो उजुरीको सनाखत गर्नको निमित्त आयोगले बाटोमा लाग्ने म्यादबाहेक मुनासिब अवधि तोकी उजुरवालाको नाउँमा सूचना पठाउनेछ ।

२० आयोगलाई सहयोग गर्नु पर्ने : आयोगलाई आफ्नो काम कारबाईको सिलसिलामा जानकारीमा आएको कुनै कुराको सम्बन्धमा ऐनको दफा २८ बमोजिम कुनै कार्यालय, पदाधिकारी वा संस्थालाई सुझाव दिनुअघि सम्बन्धित कार्यालयमा वा पदाधिकारीसँग रहेको कुनै अभिलेख, निर्णय वा लिखत हेर्नु पर्ने आवश्यकता परी आयोगले मागिपठाएमा वा त्यस प्रयोजनको निमित्त कुनै कर्मचारीलाई पठाएमा आवश्यक सहयोग दिनु त्यस्तो कार्यालयको प्रमुख वा पदाधिकारीको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको

उजुरी

विषयः– अनुचित कार्य सम्बन्धी उजुरी ।

१. अनुचित कार्य गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, दर्जा र कार्यालयः–

२. अनुचित कार्यको पूरा विवरणः–

३. अनुचित कार्य गरेको मिति र उजुरवालाले थाहा पाएको मितिः–

४. उजुरीको व्यहोरालाई पुष्टयाईं गर्ने प्रमाणहरूः–

५. अनुचित कार्यबाट उजुरवालालाई पर्न गएको हानी वा मर्काः–

६. उजुरीको विषयलाई लिएर अन्य कुनै निकायमा उजुरी गरेको भए त्यस्तो निकायको नाम वा सोको परिणामः–

७. आफ्नो नाम गोप्य राख्न चाहेमा त्यसको कारणः–

माथि लेखिएको व्यहोरा ठीक साँचो हो झुठ्ठा व्यहोरा लेखेको ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

उजुरवालाको सहीछाप
उजुरवालाको नाम, थर
(उजुरवाला कुनै कार्यालयमा काम गर्ने भए आफ्नो दर्जा र कार्यालयको नाम तथा ठेगाना)

सम्वत् ... .साल ... ... महीना ... ...गते रोज ...

द्रष्टव्यः– १. उपरोक्त ढाँचा सामान्य हो, सकभर माथिका सबै कुराहरू स्पष्ट गरी खुलाउनु पर्छ ।

२. उजुरवाला ऐनको दफा ८ को उपदफा (१)को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यक्ति भएमा अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले उजुर गर्न नसकेको प्रमाणित निस्सा पनि साथै पेश गर्नु पर्ने छ ।

३. आफूसँग रहेको प्रमाणको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ र अन्यत्र रहेको प्रमाणको सम्बन्धमा कहाँ र कोसित रहेको छ सो व्यहोरा खुलाउनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची--२

(नियम १० सँग सम्बन्धित)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जारी भएको

.....बस्ने.....नाउँको

सूचना

यस आयोगमा परेको ..... (उजुरीको संक्षिप्त व्यहोरा) को अनुसन्धानको सिलसिलामा तपाइँसँग केही कुरा बुझ्न आवश्यक भएकोले ..... मितिमा दिनको ..... बजे यस आयोगको कार्यालय ..... ठाउँमा उपस्थित हुन आउनु होला, नआए कानूनबमोजिम हुनेछ ।

यस आयोगमा परेको ..... (उजुरीको संक्षिप्त व्यहोरा) को अनुसन्धानको सिलसिलामा तपाइँको कुनै स्पष्टीकरण भएमा यो सूचना प्राप्त गर्नु भएको मितिले ..... दिन भित्र । ..... मितिसम्म आयोगमा आई पुग्ने गरी पठाउनु हुन सूचित गरिएको छ । सो म्यादभित्र स्पष्टीकरण प्राप्त हुन नआएमा कानूनबमोजिम हुने व्यहोरा पनि सूचित गरिएको छ ।

मितिः–

अनुसन्धान अधिकृतको दस्तखतः–

अनुसन्धान अधिकृतको नाम, थरः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली २०४८ साल पौष १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०४७ को नियम १२ मा संशोधनः

प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०४७ को नियम १२ को उप-नियम (२) मा रहेको "सम्बन्धित निर्वाचन अधिकृतबाट" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निर्वाचन अधिकृत वा आयोगले तोकेको अधिकृतबाट" भन्ने शब्दहरू राखिएका छन् ।

सूचना २

श्री ५ को सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयका सह-सचिव श्री पुरुषोत्तम भट्टराईलाई पंजिकाधिकारी (रजिष्ट्रार) मा तोकेको छ ।

खण्ड ३९ संख्या ४८ मिति २०४६।१२।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
अर्थ मन्त्रालयको
सूचना १

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहायका शर्त तथा बन्देज पूरा गरेका नेपाल अधिराज्य भित्र संचालित विद्यालयको शिक्षकहरूको पारिश्रमिकमा पूर्णरूपले आयकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१) विदेशी नियोगबाट संरक्षित तथा संचालित भएको ।

२) विदेशी शिक्षकहरूले विदेशी नागरिकका छोरा छोरीहरूलाई मात्र अध्यापन गर्ने गरेको,

३) स्कूल संचालन गर्न शिक्षा मन्त्रालयबाट स्वीकृति प्राप्त गरेको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) शिक्षकहरूले विदेशी श्रोत र विद्यार्थी शुल्कको रकमबाट मात्र पारिश्रमिक प्राप्त गर्ने गरेको,

५) पारिश्रमिक आयमा विदेशमा कर तिरेको प्रमाणित भएको ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको का.मु.सचिव

सूचना २

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री कान्तिपुर लायन्स क्लब काठमाडौंले मनमैजु गा.वि.स. र फुटुङ गा.वि.स मा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्न नेपाल टेलिभिजन हल भृकुटी मण्डपमा २०४८ साल पौष ६ गते शनिबार भिडियो चलचित्र "आजका युवा" को एक शो प्रदर्शनमा लाग्ने मनोरञ्जन कर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग ४

संसद सचिवालयको सूचना

श्री ५ को सरकारले विघटित राष्ट्रिय पञ्चायत सेवामा पदाधिकार रहेका देहायका कर्मचारीहरूलाई नेपाल संसद सेवामा मीलान गरेको छ ।

क्र.सं.	पद	श्रेणी	नाम, थर
१.	सह-सचिव	रा.प. प्रथम	श्री इन्द्रगोविन्द वैद्य
२.	"	"	श्री आनन्दबल्लभ जोशी
३.	उप-सचिव	रा.प. द्वितीय	श्री राधेश्याम भट्टराई
४.	"	"	श्री चक्रानन्दराज वैद्य
५.	"	"	श्री शशिकान्त मैनाली
६.	"	"	श्री अनिलकुमार पाण्डे
७.	सहायक सचिव	"	श्री विष्णुदत्त उप्रेती
८.	"	"	श्री रामहरि अर्याल
९.	"	"	श्री कृष्णप्रसाद पाण्डे
१०.	शाखा अधिकृत	रा. प. तृतीय	श्री मनोहरप्रसाद भट्टराई
११.	"	"	श्रीमती इन्दिरा पौडेल
१२.	"	"	श्री वलदेव खड्का
१३.	"	"	श्री मुकुन्दप्रसाद शर्मा
१४.	"	"	श्री रामशरण घिमिरे
१५.	"	"	श्री ज्ञानप्रसाद भट्टराई
१६.	"	"	श्री ठाकुरप्रसाद बराल
१७.	"	"	श्री लवप्रसाद गौतम
१८.	"	"	श्री धनबहादुर श्रेष्ठ

आज्ञाले,
जीवनलाल सत्याल
संसदको महा-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह श्रीलंकाको कोलम्बोमा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को छैठौं शिखर सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलमा संलग्न भई मिति २०४८।९।३ मा त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४८।९।३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना १

खण्ड ४० संख्या २८ मिति २०४७।७।१२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित महाकाली अञ्चल अस्पताल विकास समितिको अध्यक्ष तथा समाजसेवी सदस्यहरूमा श्री ५ को सरकारले देहायबमोजिमका व्यक्तिहरूलाई मनोनित गरेको छ ।

श्री सि.के.सिंह — अध्यक्ष

समाजसेवीहरू मध्येबाट तीनजना— — सदस्य

१. श्री बहादुर थापा
२. श्री गोविन्दवल्लभ जोशी
३. श्री तारादत्त अवस्थी

सूचना २

खण्ड ४० संख्या २८ मिति २०४७।७।१२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठन भएको कोशी अञ्चल अस्पताल विकास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको अध्यक्ष, समाजसेवी सदस्यहरू तथा विशेषज्ञ डाक्टरहरूमा श्री ५ को सरकारले देहायबमोजिमका व्यक्तिहरूलाई मनोनित गरेको छ ।

श्री तोरेन्द्रमानसिंह प्रधान —अध्यक्ष

समाजसेवीहरू मध्येबाट तीन जना— सदस्य

१. श्री ध्रुवनारायणलाल दास
२. श्री मनोहरनाथ उप्रेती
३. श्री चन्द्रमणी न्यौपाने

विशेषज्ञ डाक्टरहरू मध्येबाट दुई जवान— सदस्य

डा. श्री विजयकुमार शर्मा एम.एस. (सर्जन)
डा. श्री मदन कोइराला एम.डी. (इ.एन.टी.)

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

गृह मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२२ बमोजिम कर्तव्य ज्यान मुद्दामा कञ्चनपुर जिल्ला अदालतको फैसलाबाट विभिन्न दण्ड सजाय ठेकिएका देहायका ५ जनाको भुक्तान हुन बाँकी दण्ड सजाय माफी गरी मौसूफबाट "श्री ५ महाराजाधिराजका शुभ जन्मोत्सवको उपलक्ष्यमा पुष १४ गते निजहरूलाई लागेको दण्ड सजायको लगत कट्टा गर्ने" हुकुम बक्सेको छ ।

तपसिल

सि.नं.	नाम, थर	बतन
१.	तर्कबहादुर शाही	कञ्चनपूर जिल्ला, लक्ष्मीपूर गा.वि.स.
२.	लोकराज शाही	,, ,,
३.	भीमराज शाही	,, ,,
४.	पंखबहादुर शाही	,, ,,
५.	गोपी शाही	,, ,,

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।